# छथर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## शुक्रबारे, तेह्रथुम
१ नं. प्रदेश नेपाल

प.सं. :-०७७।७८(स्वास्थ्य शाखा)
सू.नं. :- ६६

**सामाजिक परीक्षण कार्यक्रमको लागि सुचिकृत हुन आउने बारे सुचना !**

**सुचना प्रकाशित मिति २०७८/१/२६(प्रथम पटक)**

चालू आ.व. ०७७/७८ को यस छथर गाउँपालिका तेह्रथुमको स्वास्थ्य तर्फको वार्षिक स्विकृत शसर्त कार्यक्रम अनुसार यस गाउँपालका अन्तर्गतका छनौट भएका ४ (चार) वटा स्वास्थ्य संस्थाहरुको सामाजिक परिक्षण कार्य गर्नुपर्ने भएकाले दर्तावाला गैरसरकारी संस्थाहरुबाट सामाजिक परिक्षण कार्य गराउनुपर्ने कार्यक्रमको कार्यान्वयन कार्यविधि निर्देशिकाले व्यवस्था गरेकोले संस्था दर्ता नविकरण भएको प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र आ.व. ०७६/७७ को आयकर चुक्ता प्रमाणपत्र तथा कार्यअनुभवका प्रमाणपत्रहरु समेत संलग्न राखी तल उल्लेखित विवरण सहित यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र सुचिकृत हुन आउन यो सूचना प्रकाशित गरिएको छ। सुचिकृत भएका गैरसरकारी संस्थाहरुलाई छोटो सूचि समेत प्रकाशित गरिनेछ।

**संस्थाको योग्यता**

१ जिल्लामा दर्ता भई कम्तिमा ३ वर्ष सक्रिय रुपमा कार्यरत रहेको ।

२ सामाजिक परिक्षण वा सामाजिक परिचालन कार्यमा कम्तिमा ३ वर्षको अनुभव भएको।

३ सरकारको स्वास्थ्य सेवा प्रदान गर्ने प्रक्रियामा स्वास्थ्य र सामाजिक न्यायको क्षेत्रमा कार्यअनुभव भएको।

४ स्वास्थ्यको नियमित रुपमा लेख परिक्षण र संस्थाको नविकरण भएको।

५ आफ्नो संस्थाको कार्यक्रम र योजनाको सामाजिक परिक्षण गरेको वा सार्वजनिक सुनुवाई गरेको अनुभव भएको

**सामाजिक परिक्षण गर्ने परिक्षकको योग्यता**

- न्युनतम प्रमाणपत्र उर्तिण वा सोसरहको योग्यता भएको।
- सामाजिक परिक्षण तालिम तथा गोष्ठी सहजिकरण कार्यमा कम्तीमा ३ वर्षको अनुभव भएको।
- सम्बन्धित जिल्लाको स्वास्थ्य सेवा प्रवाह र सरकारले उपलब्ध गराउने सेवा सुविधाको विषयमा ज्ञान भएको
- सूचना संकलन, विश्लेषण तथा प्रतिवेदन लेख्न सक्ने सिप अनुभव भएको।
- सामाजिक परिक्षणको प्रक्रियामा उठेका विषय र सन्दर्भलाई परिपक्व र सम्मानित रुपमा सहजिकरण गर्न सक्ने सीप क्षमता भएको।
- सामाजिक परिक्षण गरेवापत रु.१,००,००० ।-(एक लाख मात्र) नियमानुसार करकट्टि गरी उपलब्ध गराइनेछ ।
- सामाजिक परिक्षण गर्न चाहने इच्छुक संस्थाले सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र सुचिकृत हुन कागजात पेश गरिसक्नु पर्नेछ। उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सोही समयमा पेश गर्नुपर्नेछ।
- आशय पत्र स्विकृत गर्ने वा नगर्ने अधिकार छथर गाउँकार्यपालिकाको कार्यालयमा रहने छ।
- शर्त राखेर पेश गरेका आसय पत्र मान्य हुने छैन।
- थप जानकारीका लागि कार्यालय समयमा उपस्थित भई वा कार्यालयको टेलिफोन नं. ०२६-४२००९९ मा सम्पर्क राखि जानकारी लिन सकिने छ।

(लोचन प्रसाद दाहाल)
लोचन प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत


Email: chhathargaunpalika@gmail.com/ website: www.chhatharmun.gov.np